# पवित्र जीवन जिउन र आत्मामा भरिनका लागि आधारभूत बाइबल अध्ययन

सर्वाधिकार © चाल्र्स सेभार २०२२

यो संस्करण *Basic Bibles Studies for the Spirit-Filled and Sanctified Life* [पवित्र जीवन जिउन र आत्मामा भरिनका लागि आधारभूत बाइबल अध्ययन] चाल्र्स सेभरद्धारा तयार पारिएको हो। यो अन्तर्राष्ट्रिय प्रतिलिपी कानूनद्धारा सुरक्षित गरिएको छ। तपाईं आफ्नो व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्न स्वतन्त्र हुनुहुन्छ। अन्य प्रयोजनका लागि भने लेखकको अनुमति माग्नुपर्ने हुन्छ।

उद्धृत सम्पूर्ण धर्मशास्त्रका पदहरू नेपाली न्यू रिभाइज्ड भर्सनका हुन्

# यो अध्ययनलाई कसरी प्रयोग गर्ने

तलका प्रत्येक बाइबल अध्ययनमा ख्रीष्टसँगको तपाईंको सम्बन्धलाई प्रगाढ बनाउने बारेका आधारभूत प्रश्नहरू समावेश छन्। प्रश्नलाई पढ्नुहोस्, त्यसपछि उत्तरका लागि आफ्नो बाइबल पढ्नुहोस्। जब यहाँ यूहन्ना १:१२ भनिन्छ, यो भनेको यूहन्नाको पुस्तकको एक अध्यायको १२ पद भन्ने बुझिन्छ। तपाईंको बाइबलमा भएको विषयसूचीले प्रत्येक कितावको पेज नम्वर देखाउँछ। बाइबलबाट उत्तर पत्ता लगाउनुहोस् र आफ्नो भाषामा लेख्नुहोस्।

बाइबल विभिन्न संस्करणमा अनुवाद गरिएको छ र यहाँ प्रयोग गरिएका शब्दहरू संस्करण अनुसार केही फरक छन्। तपाईंलाई धेरै सहज लाग्ने संस्करणको पदलाई कण्ठ गर्नुपर्छ, यदि तपाईंसँग भएको फरक हो।

तपाईंले त्यो पदलाई काटेर वा सारेर आफ्नो स्मरणका लागि राख्न सक्नुहुन्छ। यसलाई तपाईंसँगै लिएर हिँड्नुहोस् वा ऐनामा टाँस्नुहोस्। यसलाई तपाईंले चिनो लगाएर पनि प्रयोग गर्न सक्नुहुन्छ। यसको लक्ष्य भनेको यसलाई तपाईंको नजिक राख्ने हो ताकि हरेक पल्ट यसलाई तपाईंले देख्दा, तपाईंले यो पदलाई कण्ठ गर्ने अभ्यास गर्न सक्नुहोस्।

# चेलापन साथीका लागि निर्देशन

विद्यार्थीहरूलाई यो अध्ययन पुरा गर्न सहायता गर्नुभएकोमा धन्यवाद। खासमा, तपाईं र तपाईंका विद्यार्थीहरू हप्तामा एकपटक यो अध्ययनका क्रममा पुनरावलोकनका लागि भेट्नुहुनेछ। यदि सम्भव भयो भने अरू पाठहरूलाई पनि हेर्दै जानुहोस्। हप्तामा एउटा पाठ सिकाउनाले विद्यार्थीहरूका लागि यो बुझ्न सजिलो हुन्छ र त्यति डरलाग्दो हुनेछैन।

# १ पवित्र आत्मा को हुनुहुन्छ?

तपाईंले येशुलाई आफ्नो मुक्तिदाता र प्रभु भनी स्वीकार गर्नुभयो र उहाँलाई दैनिक रूपमा पछ्याइरहनु भएको छ। तपाईंले अध्ययन गर्न र प्रार्थना गर्न सिकिरहनु भएको छ। तपाईंलाई पवित्र आत्माको बारेमा थाहा गर्न मन लागेको होला। यो पाठले तपाईंलाई आत्मा को हुनुहुन्छ र कसरी तपाईंको जीवनमा काम गर्नुहुन्छ भनी बुझ्न सहायता गर्छ।

१. पवित्र आत्माले एकदिन विशेष काम गर्नुहुन्छ भनी इजकियलले अगमवाणी गरेका छन्। तपाईंको जीवनमा आत्माले के गर्नुहुनेछ? (इजकिएल ३६:२६-२७) ____________

____________________________________________

२. येशु क्रूसमा टाँगिनुभयो। त्यो भनेको उहाँले आफ्ना चेलाहरूलाई शरीरीरिक रूपमा छोडेर जाँदैहुनुहुन्थ्यो (यूहन्ना १४:१-४)। येशुको ठाउँ लिन को आउन सक्नुहुन्थ्यो? (यूहन्ना १४:१६-१७) ____________________________________________

____________________________________________

३. पवित्र आत्मा आउने सन्दर्भमा येशुले कस्ता सीमितताहरू तोक्नुभयो? (यूहन्ना १४:१७)

____________________________________________

४. यूहन्ना १५:२६ मा पवित्र आत्माले के गर्नुहुन्छ? ____________________________

____________________________________________

येशुका चेलाहरूले के गर्ने अपेक्षा गरिएको थियो? (यूहन्ना १५:२७) ____________

____________________________________________

____________________________________________

५. पवित्र आत्माले यो संसारमा के विशेष काम गर्नुहुनेछ? (यूहन्ना १६:८-११) ________

____________________________________________

____________________________________________

त्यो समयको बारेमा बताउनुहोस् जतिबेला पवित्र आत्माले तपाईंलाई दोषी ठहराउनुभएको थियो। ____________________________________________

____________________________________________

६. पवित्र आत्माले चेलाहरूमा कुन विशेष काम गर्नुहुनेछ? (यूहन्ना १६:१३-१४) ______

____________________________________________

____________________________________________

पवित्र आत्माले तपाईंलाई निर्देशन गर्नुभएको समय बताउनुहोस्। ______________

____________________________________________

७. जेम्स मोफाटको अनुवादअनुसार यूहन्ना १४:१६, 'अर्का सहयोगी आउनुहुनेछ' भनी भनिएको छ। तलका पदहरू पढ्नुहोस् र पवित्र आत्माले कसरी सहायता गर्नुहुनेछ व्याख्या गर्नुहोस्।

क. रोमी ८:२६ ______

ख. प्रेरित १:८ ______

ग. प्रेरित ४:३१ ______

घ. २ पत्रुस १:२१ ______

ङ. रोमी ८:१६ ______

पवित्रआत्माले तपाईंलाई सहायता गर्नुभएको समय भन्नुहोस्। ______

______

८. रोमी ८:९ ख अनुसार आजका सबै साँचो ख्रीष्टियानहरूले पवित्र आत्मा पाएका छन्। परमेश्वरसँग कत्तिको गहिरो सम्बन्धमा रहनुपर्ने छ त? (एफिसी ३:१६, १९) ______

______

९. पहिलेको चेलाहरूलई पवित्र आत्मा खन्याउने काममा को संलग्न हुनुहुन्थ्यो? (प्रेरित २:३२-३३) ______

______

१०. परमेश्वरको बारेमा बताउन १पत्रुस १:१५ र १६ मा कुन शब्द प्रयोग गरिएको छ?

______

पवित्र जीवन कस्तो देखिन्छ? ______

______

११. पवित्र आत्माले तपाईंलाई पवित्र बनाउन कस्तो काम गर्नुहुन्छ? (पवित्रीकरण, शुद्धिकरण वा अलग गरिएको) (१ पत्रुस १:२) ______

______

१२. रोमी ८:९ अनुसार पवित्र आत्मा भनेको परमेश्वरको आत्मा हो। यहाँ पवित्र आत्माको अर्को के नाम दिइएको छ? ______

______

तपाईंको विचारमा किन त्यो नामले बोलाईएको हो? ______

______

१३. तपाईंले यस पाठमा अध्ययन गरे अनुसार, तपाईंले पवित्र आत्मा को हो भन्न सक्नुहुन्छ?

______

______

१४. आज परमेश्वरको आत्मा कहाँ बस्न चाहनुहुन्छ? (१ कोरिन्थी ३:१६) ____________

_______________________________________________________________

१५. रिज होवेल, एक साधारण व्यक्ति थिए (१८७९-१९५०), उनी वेल्स बाइबल कलेजका संस्थापक थिए, जो प्रार्थनाका योद्धा थिए। उनले येशुलाई स्वीकारेका थिए र आत्मामा जन्मेका थिए, उनले परमेश्वरसँगको गहिरो भेट गरेको घोषणा गरेका थिए।

उहाँले मलाई भन्नुभयो, "जसरी मुक्तिदाता शरीरमा आउनुभएको थियो, त्यसरी नै आज विश्वासीको शुद्ध पारिएको शरीर, जो एक मन्दिर हो, त्यसमा म बस्छु। मैले आज तिम्रो शरीरबाट मेरो लिन चाहन्छु (१ कोरिन्थी ६:१९)।

यसको अर्थ, मेरो प्रत्येक तुच्छ स्वभावहरू क्रूसमा टाँगिएको छ र उहाँले आफ्नो जीवन र स्वभाव हामीमा ल्याउन चाहनुहुन्छ।"

(नोर्मन ग्रब, *Rees Howell* [नर्मन ग्रब रीज होवेल, इन्टरसेसर], फोर्ट वाशिंगटन, पाः क्रिश्चियन लिट्रेचर र क्रुशेड, १९५२)

१६. तपाईंको लागि यो गवाहीमा मुख्य सन्देश के छ? ____________________

_______________________________________________________________

_______________________________________________________________

पवित्र आत्माको बारेमा तपाईंले एक मुख्य निष्कर्ष निकाल्दैहुनुहुन्छ। पवित्र आत्मा सहायक हुनुहुन्छ। उहाँले तपाईंलाई सहायता गर्न चाहनुहुन्छ। पवित्र आत्मा येशुको आत्मा हुनुहुन्छ। उहाँले तपाईंलाई येशु जस्तै बनाउन चाहनुहुन्छ। पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। उहाँ सक्षम हुनुहुन्छ।

बाइबलमा विशेषगरी, प्रेरितको पुस्तकमा पवित्र आत्माको बारेमा बताइएको छ। तपाईंलाई पनि यो अध्ययनको साथसाथै हरेक दिन एक अध्याय पढ्न मन लागेको हुन सक्छ। यी प्रत्येक बाइबल अध्ययनमा प्रश्नहरू राखिएका छन्, प्रेरितको पुस्तकमा अनि अरू बाइबलका पुस्तकमा पनि।

अब पवित्र आत्मा को हुनुहुन्छ भन्ने बारेमा अब तपाईंलाई राम्ररी थाहा भयो र अझै पनि तपाईंको जीवनमा उहाँले के चाहनुहुन्छ भन्नेबारे पत्ता लगाउन चाहनुहुन्छ। के तपाईं थप अध्ययन गर्न तयार हुनुहुन्छ?

## कण्ठ गर्ने पद

र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ। (यूहन्ना १४:१६-१७)

# २ ख्रीष्टियान जीवनमा पवित्र आत्मा

ख्रीष्टियान जीवन तव मात्र सम्भव हुन्छ, यदि व्यक्ति आत् "आत्माबाट जन्मेको" छ भने (यूहन्ना ३:५, ८)। प्रत्येक ख्रीष्टियानसँग पवित्र आत्मा हुनुहुन्छ। अब उनीहरूसँगको पवित्र आत्माका वरदानहरूको बारेमा मूल्यांकन गरौँ।

१. यूहन्ना ३:१-१५ पढौँ।

क. निकोदेमसको धार्मिकस्तर कस्तो थियो? (यूहन्ना ३:१-२) ____________________

________________________________________

ख. परमेश्वरको राज्यमा हुनको लागि येशुले न्यूनतम आश्यकता केलाई भन्नुभएको छ? (यूहन्ना ३:३) ________________________________

________________________________________

ग. "आत्माबाट जन्मेको" लाई केसँग तुलना गर्न खोजिएको छ र किन? (यूहन्ना ३:८)

________________________________________

________________________________________

________________________________________

घ. यस आत्मिकी जन्मको अनुभव गर्न तपाईंले के गर्नैपर्छ? (यूहन्ना ३:१५ र १:१२)

________________________________________

________________________________________

ङ. नयाँ जन्म भनेको नयाँ जीवन हो। कसरी तपाईंको नयाँ जीवनले तल दिइएका क्षेत्रमा आत्मिकी परिवर्तन गर्दछ?

(१) प्रेम गर्ने सक्ने तपाईंको क्षमतामा? ____________________

________________________________________

(२) तपाईंको परमेश्वरप्रतिको आज्ञाकारितामा? ____________________

________________________________________

(३) तपाईंको अरूसँगको सम्बन्धमा?____________________

________________________________________

(४) पापप्रतिको तपाईंको धारणाामा?____________________

________________________________________

२. यूहन्नाको सुसमाचारले आत्मिकी रूपमा नयाँ जन्मको बारेमा बताउँदछ। तपाईंले भन्नुभयो कि परमेश्वरका कामहरूले तपाईंलाई नयाँ बनायो। त्यस्तै नयाँ करारमा, पहिलो यूहन्नाले पनि तपाईंले देखाउने नयाँ ख्रीष्टियन जीवनको बारेमा बताउँदछ, ती के हुन्?

क. १ यूहन्ना ४:७ र ८ ______________________________

______________________________

ख. १ यूहन्ना २:३ ______________________________

______________________________

ग. १ यूहन्ना ५:४ देखि ५ र ४:४ ______________________________

______________________________

घ. १ यूहन्ना ४:१३ ______________________________

______________________________

ङ. १ यूहन्ना ५:१८ ______________________________

______________________________

३. माथिका पदहरूमध्ये कुन चाहिँ तरिका तपाईंलाई बढी सहायता पुर्याउने छ? ______

______________________________

यी मध्ये तपाईंलाई कुन तरिका सबैभन्दा राम्रो लाग्छ? ______________________________

______________________________

४. यदि तपाईंले पाप गर्नुभयो भने, तपाईंले के गर्नुपर्छ? (१ यूहन्ना २:१-२) __________

______________________________

______________________________

५. तपाईं कसरी थाहा पाउन सक्नुहुन्छ कि तपाईं परमेश्वरको सन्तान हो? (रोमी ८:१६)

______________________________

______________________________

तपाईंले यो आफ्नो जीवनमा कसरी अनुभव गर्नुभएको छ? ______________________________

______________________________

६. एफिसी ४:२९-३२ मा कस्ता खालका चेताउनीहरू पवित्र आत्माका बारेमा दिइएका छन्? ______________________________

______________________________

______________________________

यो सत्यताले तपाईंलाई पवित्र आत्माको बारेमा बुझ्न कसरी सहायता गर्छ? ________

______________________________

______________________________

७. एफिसी २:५, ८-१० लाई हेर्ने हो भने आत्माबाटको जन्मको बारेमा पावलले कुन तरिकाले व्यक्त गरेका छन्? ______________________________

______________________________

८. एफिसीमा भएका ख्रीष्टियानहरूलाई पावलले कस्तो प्रार्थना गरे?

क. एफिसी ३:१६ मा ______________________________

______________________________

ख. एफिसी ३:१९ ______________________________

______________________________

९. यो प्रार्थना तपाईंको जीवनको पनि उत्तर हुन सक्छ भन्ने कुरामा कसरी विश्वास गर्न सक्नुहुन्छ?(एफिसि ३:२०-२१) ______________________________

______________________________

१०. ख्रीष्टलाई क्रूसमा टाँग्दा पत्रुसले इन्कार गरेका थिए। त्यसपछि येशु मृत्युबाट बौरी उठ्नुभयो। (यूहन्ना २१:१५-२२) उहाँ पत्रुससँग बोल्नुभयो त्यसपछि पत्रुसलाई के भयो जसले उनलाई पहिलो शताव्दीको मण्डलीको अगुवा बन्न उत्साह मिल्यो? (प्रेरित १:८; २:२-४; ४:८) ______________________________

______________________________

______________________________

पावलको प्रचारमा शक्तिको कुन प्रमाण थियो? (प्रेरित २:४१) ______________________________

______________________________

तपाईंले कुन प्रकारको आत्मिक शक्तिको पर्खाइ गर्नुभएको थियो? ______________________________

______________________________

११. पत्रुसले पवित्र आत्माले पत्रुससँग के प्रतिज्ञा गर्नुभयो? (प्रेरित २:३८ र ३९) ______________________________

______________________________

______________________________

______________________________

पहिला के भएको हुनुपर्छ? (प्रेरित २:३८) ______________________________

______________________________

१२. हामी यसलाई पहिलो “स्थानीय मण्डली वोर्ड” को चयन भन्न सकछौँ जुन प्रेरित ६:३। त्यहाँ छनोट भएकाहरूले कस्तो विशेषताहरू देखाए? ______________________________

______________________________

______________________________

१३. तपाईंसँग येशु हुनुभएको कसरी थाहा गर्नुहुन्छ? (१ यूहन्ना ३:२४) ______________________________

______________________________

१४. चाल्र्स कोल्सन जो पुर्व अमेरिकी राष्टपति रिचार्ड निक्सनका सहायक थिए। उनले बाटरगेटसँगको अपराध स्वीकार गरी जेल सजाय भोगेका थिए। जेलमा रहँदा उनले खीष्टलाई पछ्याए अनि जेल सुधारको पनि समर्थक बने। उनलाई ख्रीष्टमा डोर्याउने काम टोम फिलिपस्ले जो रेथोन करपोरेसनका अध्यक्ष थिए। फिलिप्सले कोल्सनलाई गवाही दिए:

मलाई कुनै कुरा पनि त्यति अर्थपूर्ण लागेन। यो सबै सतही थियो। सबै भातिक कुरा जो मानिसको जीवनमा छन् यदि मानिसले यो पत्ता लगाएन भने त्यहाँ के लुकेको हुन्छ?

...एकरात म न्यूयोर्कमा एक व्यापारको लागि गएको थिएँ र मैले यो थाहा पाएँ कि मेडिसिन स्कवाएर गार्डेनमा विलिग्राहम मिटींगमा आउँदैहुनुहुन्छ,... म गएँ–जिज्ञासु, अनुमान लगाउँदै–मैले केही उत्तरहरू भेटाउने आशामा। ग्राहमले भनेका कुरा मेरो दिमागमा रातभरि नै आइरह्यो। मैले के भूल गरिरहेको थिएँ मैले देखें, येशुसँगको व्यक्तिगत सम्बन्ध, एउटा तथ्य यो हो कि मैले उहाँलाई मेरो जीवनमा कहिल्यै निम्ताइन, उहाँमा मेरो जीवन सुम्पिएको थिईन। त्यसकारण मैले यो गरैं। त्यही रात मैले एक पछि अर्को भेटघाट गरैं।

मैले येशुलाई मेरो जीवनमा आउनका लागि भनैं, र मैले उहाँको उपस्थिति महशुस गर्न सकैं। मैले पवित्र आत्मा मसँग हुनभएको थाहा गरेको छु। त्यसपछि म न्यूयोर्क सडकमा एक्लै हिंड्नको लागि निस्किएँ। मलाई यो भन्दा अघि न्यूयोर्क मन पर्थेन तर यो रात चाहिँ राम्रो लाग्यो। म एक गल्ली र अर्को गल्ली गर्दै हिड्न थालैं। मेरा लागि सबै कुराहरू फरक देखिन्थ्यो। मलाई केही भएको थियो र मलाई यो थाहा थियो।

(चाल्र्स कोल्सन, *Born Again* [बोर्न अगेन], टप्पन, एन्.जे फ्लेमीङ्ग एच. रिभेल, १९७६)

१५. यो गवाहीले तपाईंलाई के भन्छ? ______________________________

______________________________

______________________________

पवित्र आत्माले तपाईंभित्र काम गर्नुहुन्छ, उहाँले तपाईंलाई येशुलाई चिनाउनु हुन्छ। पवित्र आत्माको नयाँ जीवन, उपस्थिति, निश्चयता र अगुवाइ सबै तपाईंको लागि हो। तर आत्माले तपाईंमा काम शुरू गर्नुभए तापनि कहिलेकाँही आत्मिकी समस्या आइदिन्छ। तपाईंले यो कुरा अझ राम्ररी बुझ्न सक्नुहुन्छ जब तपाईंले अर्को नयाँ पाठ पढ्नुहुनेछ।

## कण्ठ गर्ने पद

उहाँका आज्ञा पालन गर्नेहरू सबै उहाँमा रहन्छन्, र उहाँ तिनीहरूमा रहनुहुन्छ। उहाँले हामीलाई दिनुभएको पवित्र आत्माद्वारा हामी जान्दछौं, कि उहाँ हामीमा वास गर्नुहुन्छ। (१ यूहन्ना ३:२४)

# ३ समस्या र समाधान

ख्रीष्टियन जीवनको सुरुवातमा तपाईंलाई राम्रो हुन्छ तर यो यात्राको क्रममा थुप्रै बाधाहरू आइलाग्छन्। जसले तपाईंको यात्रालाई बाधा पुर्‍याउँछ। तपाईंले ती बाधाहरूलाई कसरी समाधान गर्नुहुन्छ भन्ने कुरा ख्रीष्टसँगको तपाईंको यात्राको तरिकाले निर्धारण गर्दछ।

१. पेन्तिकोसको दिनभन्दा अगाडि येशुको चेलाहरूको आत्मिकी अवस्था कस्तो थियो (पवित्र आत्माले नभरिएका र बाहिरी कुराले भरिएको अवस्था)?

क. लूका १०:२० ______________________________

______________________________

ख. यूहन्ना १७:१४ ______________________________

______________________________

२. चेलाहरूको स्वभावमा कस्तो समस्या भएको देख्नुहुन्छ? ______________________________

क. लूका ९:५३-५४ ______________________________

______________________________

ख. लूका २२:२४ ______________________________

______________________________

३. येशुले आफ्नो चेलाहरूको स्वभाव कस्तो होस् भनी आशा गर्नुभएको थियो? (लूका २२:२६) ______________________________

______________________________

______________________________

४. येशुले आफ्नो सेवकाईको अन्त्यमा चेलाहरूका लागि (अनि हाम्रा लागि) के विषयमा प्रार्थना गर्नुहुन्छ? (यूहन्ना १७:१७-२०) ______________________________

______________________________

५. गलाती ५:१३-२६ पढ्नुहोस्।

क. गलातीका ख्रीष्टियानहरूको आत्मिकी समस्या र सघंर्ष के थियो? (गलाती ५:१७)

______________________________

______________________________

ख. ख्रीष्टियानहरूले परमेश्वरको अपेक्षा कसरी पूरा गर्न सक्छन्?

(१) व्यवस्थाको सारांश के हो? (गलाती ५:१४) ______________________________

______________________________

(२) आत्माबाट आउने पहिलो फल केहो?(गलाती ५:२२) ________________

________________________________________

(३) व्यवस्थासँग तपाईंको सम्बन्ध कस्तो छ? (गलाती ५:१८) ____________

________________________________________

ग. गलाती ५:२४ अनुसार पापमय स्वभाव (कहिले काहीँ "शरीर" अनुवाद गरिएको छ) लाई के गरिनुपर्छ जुन आत्मा भन्दा फरक छ? (गलाती ५:१७) ____________

________________________________________

घ. तपाईंको जीवनमा "पापमय स्वभाव" वा "शरीरका अभिलाषा" लाई झुन्डाइनुपर्छ भन्नुको अर्थ के हुनसक्छ? ________________________

________________________________________

६. पावलको व्यक्तिगत गवाही के थियो? (गलाती २:१९-२०) ________________

________________________________________

उसको जीवनलाई कसको नियन्त्रणमा राखेको थियो? ____________________

________________________________________

७. निरन्तर विजयको रहस्य के हो? (गलाती ५:२५) ____________________

________________________________________

तपाईंको जीवनमा यो काम के हुनसक्छ? ________________________

________________________________________

८. थेसलोनीकीहरूको आत्मिकी अवस्था कस्तो थियो? (१ थेसलोनीकी १:४-१०) _____

________________________________________

________________________________________

________________________________________

तिनीहरूको समस्या के थियो? (१ थेसलोनिकी ३:१० र ४:३) ______________

________________________________________

त्यसो भए, पावलले तिनीहरूका लागि के प्रार्थना गरे? (१ थेसलोनिकी ५:२३-२४)

________________________________________

________________________________________

९. ख्रीष्टियानहरूलाई परमेश्वरले के भन्नुहुन्छ? (हिब्रू १२:१४) ______________

________________________________________

१०. पापमय कार्यहरू गर्नको पछाडि के छ? (एफिसी २:२-३) ________________

________________________________________

याकूबको पुस्तक ४:८ बाट यी सबै मुद्धाहरूबारे बुझ्न कसरी तपाईंलाई सहायता पुग्छ?

_______________________________________________

११. रोमीको पुस्तक ६ अध्यायबाट ८ अध्यायसम्म पढ्नुहोस्।

क. तपाईंलाई येशुले के प्रदान गर्नुभयो? (रोमी ६:६)_______________

_______________________________________________

_______________________________________________

ख. रोमी ७:२२-२३ मा पावलले छलफल गरेका चारवटा व्यवस्थालाई सूची बनाउनु होस्।

(१) _______________________________________

(२) _______________________________________

(३) _______________________________________

(४) _______________________________________

ग. समस्या र सङ्घर्ष बारेमा पावलको उत्तर के थियो? (रोमी ८:२)

_______________________________________________

_______________________________________________

१२. पवित्र आत्माले तपाईंलाई "पाप र मृत्युको व्यवस्था" बाट स्वतन्त्र बनाउँछ (रोमी ८:२), यद्यपि तपाईंको कमजोरीमा उहाँले के गर्नुहुन्छ? (रोमी ८:२६) _______________

_______________________________________________

_______________________________________________

१३. एफिसीहरूको संर्घष के मा थियो? ६:१२-१३ र यो कसरी गलातीहरूको आत्मा र स्वार्थी प्रवृत्तिभन्दा भिन्न थियो गलाती ५:१७? _______________

_______________________________________________

_______________________________________________

१४. लूका ९:५३-५४ र लूका २२:२४ मा भएको चेलाहरूको प्रवृत्तिलाई सम्झनुहोस् (प्रश्न २)? प्रेरित ४:३१ मा चेलाहरूको कुन उस्तै प्रकारको आत्मिकी आवस्थाको उल्लेख गरिएको छ? (प्रेरित ४:३२-३५) _______________

_______________________________________________

_______________________________________________

१५. विलिग्रामको संस्था *Decision Magazine* [डिसिजन पत्रिका] मा शेरउड राइटले सम्पादकको रूपमा काम गरे। उनी एक खीष्टियन अगुवा भए पनि उनले भित्री रूपमा संघर्ष गर्नुपर्यो। अनि मात्रै उनले परमेश्वरबाट समाधान पाए।

मेरो जीवनमा प्रत्येक दिन आउने गरेको डरलाग्दो कुराको स्मरणले गर्दा मेरो दिमागमा एउटा नरमाइलो घटनाको दृश्य आइरहन्थ्यो जुन जीवनको यात्रामा घटेको थियो।

निराशाले गर्दा मैले विगतमा सुनेका र अरूहरूका जीवनमा गरेका असल दिनहरूलाई विर्सन थालैँ।

“क्षमा दिने व्यक्ति बन्नुहोस्।” मैले विर्सनै सक्दिन नै यसको समस्या हो।

“मिलाप गर्नुहोस्।” मैले प्रयास गरैँ; तर घाउ झन बढेर आयो।

“पुराना कुराहरूलाई बिर्सनुहोस्।” जुन मैले गरैँ। तर त्यो गाडेको ठाउँ थाहा भएकोले मैले त्यसलाई खनेर निकाल्ने जिद्धि गर्न सक्छु।

“बिर्सनाको समुद्रको गहिराइमा फालिदिनुहोस्।” मैले कहिल्यै पनि त्यस्तो समुद्रनै फेला पारिन।

मैले आफ्नै जीवनमा सुसमाचारलाई लागू गरेको वर्षौं भइसकेको थियो। मैले बाइबलको सहारा लिएर पावलले एफिसिहरूलई लेखेको पत्र पल्टाएँ त्यहाँ मैले यो पद भेटे–“सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ।” (४:३१ हेर्नुहोस्)

मेरो सौँचभन्दा बाहिरको कुरो भएकाले यो काम अरू कसैले गर्नुपर्थ्यो।

यसैया ६१ म यो पढ्छु, “परमप्रभु परमेश्वरका आत्मा ममाथि छ... मन भाँचिएकाहरूको हृदयलाई बाँध्न, कैदमा परेकाहरूलाई स्वतन्त्रता दिन र बन्धनमा परेकाहरूलाई छुटकाराको घोषणा गर्न उहाँले मलाई पठाउनुभएको छ।”

त्यसोभए के यो पदार्थ–आनन्दको तेल के पवित्र आत्माबाट दिइएको थियो? आनन्दको तेलको मलाई अभाव भइरहेको पाएँ।

मलाई लाग्थ्यो कि म एउटा मरुभूमिको विचमा भएको नदीको किनारमा उभिरहेको छु। मैले पानीको वहाव सुने कि यो टाडासमम पुग्रेछ, तर मैले यसबाट आफ्नो तिर्खा मेट्न सकिन। अनि मलाई थाहा थियो कि त्याहाँ जाने कुनै बाटो थिएन।

त्यसैले मैले परमेश्वरको प्रतिक्षा गरैँ र उहाँले मेरो कुरा ध्यानसित सुन्नुभयो, यसपटक अरूको होइन तर मेरो स्वयमको।

साँच्चै यो कुरा भन्न सजिलो छ र परमेश्वरलाई पनि थाहा छ। तर मैले उहाँलाई आफ्नो ख्रीष्टियान जीवनमा आफ्नै तरिकाले जिवन जिएको कुरा भनैं। मैले आफ्नो घमण्डलाई धेरै टाढा राखैं, मैले उहाँलाई भने कि मलाई क्रुसमा टाँगिदिनुहोस्, उहाँले मेरो भनाइ र अनुरोधलाई पुरा गर्नुभयो।

परमेश्वले उहाँको समयमा र उहाँकै महिमाको खातिर उहाँले मेरो यस दखित हृदयमा आनन्द पठाउनुभयो। यो सूर्यको प्रकाशले कुहिरोलाई हटाए जस्तै अनुभव थियो।

मलाई थाहा थिएन कसरी यो प्रेम आयो तर मलाई थाहा छ कि मैले अरूको विरुद्धमा–आफ्नै नजिककाहरूको विरूद्धमा पनि–राखेको तितोपन...ती सबै हराए।

मसँग भएका आक्रोश, घमण्ड र हृदय दुखेका पीडाहरू जति पनि छन् ती सबै हराए, वाफजस्तै भएर गए।

(शेरवुड इ. विट, *Afterglow* [आफ्टरग्लो], ग्रान्ड रेपिक्स, जोन्डरभन प्रकाशन गृह, १९७६)

१६. यो गवाहीमा तपाईंको प्रतिक्रिया के छ? ______________________________

______________________________________________

______________________________________________

जब हामी आत्मामा जन्मन्छौँ, हाम्रो पापमय स्वभावलाई छोड्नुपर्छ। बाइबलका अनुसार पापमय स्वभाव क्रुसमा टाँगिएको हुनुपर्छ। हामीले पत्ता लगाउन सक्छौँ कि “मेरा अङ्गहरूमा वास गर्ने पापको नियम” (रोमी ७:२३)। तर “जीवनका आत्माको व्यवस्थाले” (८:२) मलाई स्वतन्त्र पार्न सक्छ।

## कण्ठ गर्ने पद

तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्। हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँडौं। (गलाती ५:२४-२५)

# ४ आत्माले पूर्ण रूपमा पवित्र पारिएको जीवन

एकपटक तपाईंले आफ्नो जीवन परमेश्वरमा समर्पण गर्ने निर्णय गरिसकेपछि र पवित्र आत्माले भरिन बिन्ती गरेपछि, परमेश्वरसँग तपाईंको गहिरो सम्बन्ध हुनेछ। आत्माले तपाईंलाई तपाईंभित्र चलिरहने युद्ध (जसलाई "भित्री गृह युद्ध" पनि भनि चिनिन्छ) लाई पूर्ण गर्नुहुन्छ। यसलाई नै बाइबलले पूर्ण शुद्ध भएको भन्दछ।

१. पुरानो करारका अगमवक्ता यर्मियाले परमेश्वरले भविष्यमा मानिसहरूसँग व्यवहार गर्ने नयाँ तरिका केलाई भनेका छन्? (यर्मिया ३१:३३) ____________________

____________________________________________

२. फिलिपले सामरीहरूलाई कुन वचन प्रचार गरे? (प्रेरित ८:४-८, विशेषगरी ५ पद)

____________________________________________

____________________________________________

____________________________________________

यरुशलेममा भएका प्रेरितहरूले कस्तो प्रतिक्रिया दिए? (प्रेरित ८:१४-१७)

____________________________________________

____________________________________________

३. पावलले एफिसीमा भएका ख्रीष्टियानहरूका लागि कस्तो प्रार्थना गरे? (एफिसी ३:१६, १९) ____________________________________________

____________________________________________

____________________________________________

४. येशुले आफ्ना चेलाहरूलाई वचन प्रचार गर्न निर्देशन दिनुभयो। यो काम गर्नका लागि उनीहरूलाई कसरी तयार हुन भन्नुभएको छ? (लूका २४:४८-४९) ____________

____________________________________________

____________________________________________

____________________________________________

पिताले प्रतिज्ञा गर्नुभएको कुरालाई उहाँले कसरी थप व्याख्या गर्नुभयो? (प्रेरित १:४-५)

____________________________________________

____________________________________________

आत्माले तिनीहरूलाई के गर्नुहुनेछ? (प्रेरित १:८) ____________________

____________________________________________

____________________________________________

५. कोरिन्थीका ख्रीष्टियानहरूले आफ्नो जीवनमा कस्ता खालका परिवर्तनहरू देखे। (१ कोरिन्थी ६:९-११, विशेष गरि पद ११) ________________________________

________________________________________________________________

पद ११ मा व्यक्त भएको "धोइयौ" शब्दले कोरिन्थीहरूलाई व्याख्या गर्दछ। यसले विशेषगरी प्रारम्भिक पवित्रिकरणलाई जनाउँछ। परमेश्वरसँग गहिरो सम्बन्धमा जानका लागि कोरिन्थीहरूलाई के आवश्यक थियो भनी संकेत गर्दछ? (१ कोरिन्थी ३:१-३)

________________________________________________________________

________________________________________________________________

________________________________________________________________

६. परमेश्वरले तपाईंलाई कसरी उहाँसँगको गहिरो सम्बन्धमा रहन बोलाउनुभएको छ?

________________________________________________________________

________________________________________________________________

________________________________________________________________

७. धेरै नयाँ नियममा समावेश गरिएका व्यक्तिलाई पवित्र आत्मामा भरिएको व्यक्तिको रूपमा व्याख्या गरेको पाइन्छ। प्रेरित ४:८ म पत्रुस। शाउल (जो पहिले पावल थिए) उनको बारेमा प्रेरित ९:१७ मा र १३:९। अनि प्रेरित ११:२४ मा वर्णवास। तपाईं पवित्र आत्माले भरिएको व्यक्तिलाई कसरी व्याख्या गर्नुहुन्छ? __________________

________________________________________________________________

________________________________________________________________

८. "पवित्र आत्मामा भरिनु" का साथै "पूर्ण शुद्धिकरण" का साथै कुन अर्को शब्द प्रयोग गरिएको छ पूर्ण रूपमा समर्पित र धोइपखालिएको जीवनका लागि?

क. मत्ती ५:८ ________________________________________________

ख. १ यूहन्ना ४:१७-१८ ________________________________________

ग. हिब्रू ४:९-११ ____________________________________________

घ. हिब्रू ६:१ _______________________________________________

ङ. रोमी ६:१८ _______________________________________________

च. यहाँ दिइएको मध्ये तपाईंको लागि कुन चाहिँ वाक्य सबैभन्दा शक्तिशाली छ र किन? ____________________________________________________

________________________________________________________________

________________________________________________________________

________________________________________________________________

९. पवित्र आत्माको भरिपुरीबाट हुने अन्य फाइदाहरू के के छन्?

क. प्रेरित ४:३१-३२ ______

ख. प्रेरित ६:५, ८ र ७:५५, ५९-६० ______

ग. रोमी १५:१३ ______

१०. १ थेसलोनिकी १:३-८, मा विश्वासीहरूको प्रशंशा गरिएको छ।

क. उनीहरूका लागि परमेश्वरको इच्छा के थियो? (१ थेसलोनिकी ४:३, ७) ______

ख. यि आज्ञाहरू नमान्नु भन्नुको अर्थ के हो? (१ थेसलोनिकी ४:८) ______

ग. त्यसो भए पावलले तिनीहरूलाई के भनेर प्रार्थना गरे? (१ थेसलोनिकी ५:२३-२४)

______

घ. पवित्रिकरण कसले गर्छ र यो कसरी पूरा हुन्छ? (१ थेसलोनिकी ५:२३) ______

ङ. पवित्रिकरणको अतिरिक्त पावलले अरू केका लगि प्रार्थना गर्छन्? (१ थेसलोनिकी ५:२३)

______

च. तपाईंको जीवनको पूर्ण पवित्रिकरणका लागि गरिएको प्रार्थनामा परमेश्वरले जवाफ दिनुहुनेछ भन्ने कुरामा तपाईं कत्तिको भर पर्नुहुन्छ? (१ थेसलोनिकी ५:२४) ______

११. एफिसी ५:१५-२१ पढ्नुहोस्।

क. यहाँ खीष्टियानहरूका लागि कस्ता आज्ञाहरू दिइएका छन? ______

ख. एफिसी ५:१८ म भरिनु भन्ने शब्द वर्तमान काल हो। जसको अर्थ निरन्तर रूपमा भर्नु भन्ने हुन्छ। तपाईंको जीवनमा यसले कस्तो अर्थ दिन्छ? ______

ग. तपाईं निरन्तर आत्मामा भरिन खोज्नुभएको छ भने कसरी तपाईंमा भएको आत्मा अरूमा बगेर जानसक्छ?

(१) एफिसी ५:१९ ______________________________

______________________________

(२) एफिसी ५:२० ______________________________

______________________________

(३) एफिसी ५:२१ ______________________________

______________________________

१२. जब येशुले पवित्र आत्मा आउने कुरा लूका ११:१३ गरिरहनुभएको छ, उहाँले एक साधारण शर्त दिनुभएको छ, त्यो के हो? ______________________________

______________________________

______________________________

१३. सन् १९१७ मा ओस्वाल्ड चेम्वर्स जब ४० वर्षका पुगे, त्यही नै उनको व्यक्तिगत सेवकाइको अन्त्य थियो। अझैसम्म नि उनको पुस्तक *My Utmost for his Highest* [माई अटमोस्ट फर हिज हाइएस्ट] एकदमै धेरै विक्रि हुनेगर्छ। जब उनी एक बालक थिए, चेम्वर्सले येशुलाई स्वीकार गरे। वर्षौं पछि जब उनले डुनुन कलेजमा पढाउँदै थिए, त्यहाँ उनले एफ. वी. मेयरबाट पवित्र आत्माको बारेमा सुने। चम्वर्सले यो गवाही दिए कि:

मलाई स्वर्ग वा स्वर्गदूतको बारेमा केही थाहा थिएन, म सधैँ जसो सुख्खा र खाली थिएँ, परमेश्वरको कुनै शक्ति वा अनुभूति थिएन, पवित्रआत्माको कुनै साक्षी थिएन। त्यसपछि मलाई एउटा मिटिंगमा बोल्नका लागि बोलाइयो र त्यहाँ ४० आत्माहरू मेरा अगाडि आए। के मैले परमेश्वरको प्रशंसा गरे? होइन, म डराएको थिएँ र तिनीहरूलाई कामदारहरूको हातमा छोडिदिएँ अनि मिस्टर म्याक ग्रेगर (एक साथी) कहाँ जे भएको सो भनिदिएँ उनले भनेः “के तपाईंले पवित्र आत्मा एक उपहार हुनुहुन्छ भनि येशूले भन्नुभएको बचन सम्झनुभएन, जब उहाँले भन्नुभयोः “तिमीले शक्ति पाउनेछौ … यो शक्ति माथिबाटको हो।” यसपछि म भित्र झट्का जस्तो केही भयो, मैले आफ्नै हातको शक्तिमा गर्न खोजिरहेको थिएँ–मैले बेदीमा आफ्नो सबै राखेर घमण्ड गरेको जस्तो।

यदि बितेका ४ वर्ष पृथ्वीमा नरक जस्तो अनुभव भएको भए अहिलेका पाँच वर्ष साँच्चिकै स्वर्ग भएका छन्। परमेश्वरलाई महिमा होस्, अहिलेको समयमा मानिसको हृदयको पीडा परमेश्वरको प्रेमले भरिएको छ। प्रेम नै सुरुवात हो, मध्य हो अनि अन्त्य हो। जब उहाँ तपाईंमा आउनुहुनेछ सबैतिर “येशु मात्रै सँधैका लागि हुनुहुनेछ।”

परमेश्वरले तपाईंलाई के गर्नुभयो भन्ने कुरा जब तपाईं महशुस गर्नुहुन्छ, पापको शक्ति निस्तेज हुन्छ र अव्यक्त रूपमा नै ख्रीष्टको उपस्थिती आउँदछ र जब तपाईं परमेश्वरको राज्यका राजकुमारी र राजा जस्ता हुनुहुनेछ, परमेश्वरले यी सबै काम गर्नुहुन्छ। साँच्चै, अब तपाईंले प्रेरितहरूले भन्न खोजेका कुरा के थियो, सो बुझ्नुहुनेछ जब उनले भने कि म ख्रीष्टबाट परित्यक्त होउँ यदि मानिसहरू बाँच्छन भने!…

म कसरी बदलिँए भन्ने बारेमा अचम्मको कुरा होइन। परमेश्वरले मेरो मस्तिस्कमा छुनुभयो र म उहाँसँगै थिए जतिबेला उहाले यो गर्नुभयो।

(रेमण्ड एडम्यान, *They Found the Secret* [दे फाउण्ड द सिक्रेट],

ग्रान्ड रेपिड्सः जोन्डर्भन पब्लिकेशन हाउस, १९८०)

१४. यो गवाहीमा तपाईंको प्रतिक्रिया के छ? ________________________________

________________________________________________

________________________________________________

कति आनन्दको कुरा! तपाईं पवित्र आत्मामा भरिएको हुन सक्नुहुन्छ। तपाईं पूर्णरूपमा शुद्धिकरण गरिएको हुन सक्नुहुन्छ। पवित्र आत्मामा कसरी भरिने भन्ने विषयलाई अर्को पाठमा सिक्नेछौँ।

## कण्ठ गर्ने पद

दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ। (एफिसी ५:१८)

# ५ कसरी आत्मामा भरिने (पूर्ण पवित्रीकरणको जीवन)

अब वचनले तपाईंलाई के सिकाउँछ भन्नेकुरा थाहा छ, सम्भवतः तपाईं आत्माले भरिन र पूर्णरूपमा पवित्र हुन खोजिरहनुभएको छ, यो कसरी हुनसक्छ भनेर बाइबलले व्याख्या गर्दछ।

१. कुन कार्यले तपाईंलाई शुद्धिकरण वा पवित्र पार्न सक्छ?

क. हिब्रू १०:१०-१४ ____________________

ख. हिब्रू १३:१२ ____________________

२. यूहन्ना १२:२४-२५ भनेको खीष्टियन जीवनको दृष्टान्त हो। तपाईंको जीवनमा कुन कुरा "जमिनमा गाडिनु र मर्नु" आवश्यक छ, जसद्वारा तपाईं परमेश्वरको राज्यमा प्रयोग हुन पूर्ण उपलब्ध हुन सक्नुहुन्छ? ____________________

३. १यूहन्ना १:७ पढ्नुहोस्।

क. हामीलाई केले सफा र शुद्ध बनाउँछ? ____________________

ख. कति पापबाट? ____________________

ग. धोइनका लागि आवश्यक पर्ने शर्त के हो? ____________________

घ. "ज्योतिमा हिँड्नु" वा जिउनु भन्नाले के बुझ्नुहुन्छ? ____________________

४. पवित्र आत्मामा भरिन र पूर्ण शुद्ध हुनका लागि को योग्यको हुन्छ? (प्रेरित ५:३२)

____________________

५. येशुले आफ्ना चेलाहरूलाई कुन उपहारका लागि पर्खन भन्नुभएको थियो प्रेरित १:४-५?

____________________

६. पवित्र आत्माका लागि प्रार्थना गर्न येशुले आफ्ना चेलाहरूलाई के भन्नुभयो? (लूका ११:९-१३) ____________________

७. रोमी १२:१-२ पढ्नुहोस्। यहाँ "भाइहरू" लाई (परमेश्वरका परिवारका सदस्यहरू) शरीरका अंगहरूमा के गर्न भनिएको छ। ______________________

______________________________________________

आफ्नो शरीरलाई जिउँदो बलिको रूपमा बलिदान गर भन्नुको अर्थ के हुनसक्छ? ____

______________________________________________

८. जब चेलाहरू आत्माले भरिए, त्यो कति समयसम्म रहिरह्यो?

क. प्रेरित २:४ ______________________________________

ख. प्रेरित ८:१५-१७ ___________________________________

९. तपाईंलाई कसले शुद्ध पार्छ? (थेसलोनिकी ५:२३) ____________________

______________________________________________

१०. तपाईंले कसरी पवित्र आत्मा पाउनुहुन्छ: वा पूर्ण रूपमा शुद्ध हुनुहुनेछ? (गलाती ३:१४)

______________________________________________

११. विश्वासमा आएको एकवर्ष पश्चात् स्टेन्ली जोनले ठूलो आनन्दमा जिए। त्यसपछि उनल आफ्नो जीवनमा थुप्रै नारामृा क्षणहरू, ठूला द्वन्द्वहरू झेल्नुपर्यो। साधारणतया उनको विजयको जीवन हुनपर्थ्यो तर यी सबै बाधाहरू आउन थाले र उनी अगाडि लेख्छन्:

म संकटपूर्ण अवस्थामा थिएँ। भित्री द्वन्द्वको कारण म अप्ठ्यारोमा परेँ। त्यसपछि द्वन्द्वबाट एउटा ढोका खुल्यो जुन एउटा पुस्तकबाट खुल्यो। जब मैले सन्डे स्कुलको एउटा पुस्तकालयबाट त्यो पुस्तक झिकेँ, मैले थाहा पाएँ कि मलाई यही चाहिएको थियो। मैले आशा गरेको भाग्यको अनुभूति गरेँ। जब मैले ख्रीष्टियानहरूको खुशी जीवनको रहस्य नामक किताब जो हन्ना ह्वीटल स्मिथले लेखेका थिए, सो पढ्न थालेँ। यसले व्यक्तिको पूर्ण विजयका बारेमा बतायो। मेरो हृदय यो पढ्दा चाहनाले उज्यालो भयो। मैले यो पढिरहेको थिइन, मैले त यो खाइरहेको थिएँ। मैले ४० पृष्ठमा थिएँ जब परमेश्वर मसँग बोल्नुभयो: "यो पत्ता लगाउने समय हो।" ...म थप पढ्ने कोशिष गर्दै थिएँ, शब्दहरू धमिलो हुँदै थियो... मैले पुस्तक बन्द गरेँ, म ओच्छ्यानको छेऊमा आफ्नो घुँडा टके र भनेः "हे प्रभु अब मैले के गर्नुपर्छ?" र उहाँले जवाफ दिनुभयो: "के तिमीले आफ्नो सबैदिन सक्छौँ?" एकैछिनको हिचकिचाटपछि मैले जवाफ दिएँ: "ज्यू प्रभू म सबै कुरा दिनेछु, म तपाईंलाई मैले जानेका र नजानेका सबै कुरा दिनेछु।" तब उहाँले जवाफ दिनुभयोः "त्यसोभए मेरो सबै लेऊ, पवित्रआत्मा लेऊ।" म एकैछिन रोकिएँ: मेरो सबै थोकको बद्ली उहाँको सबै; मेरो सबै म नै थिएँ, उहाँको सबै मेरो पवित्र आत्मा हुनुहुन्थ्यो। मैले उत्सुक भएर जवाफ दिएँ: "म पवित्र आत्मा लिनेछु।" म खडा भएँ, कुनै घटना भएन, मैले उहाँको वचनलाई लिएँ। म त्यहि वचनको प्रतिज्ञामा बाहिर निस्के। उहाँको गुण त्यो वचनको पछाडि थियो... म आफ्नो कोठाको वरिपरि मैले गरेको स्वीकारलाई दोहोराउन थालेँ। शंकाहरू घटेर जान थाल्यो। मैले अब्राहामले जस्तै गरेँ ...जब चराहरू उनको बलिदानको नजिक जाँदा उनले धपाए। म कोठाको वरिपरि हिड्दै मेरो हातले खतनारा शंकालाई टाढा धपाउँदै थिएँ। जब अचानक म पवित्र आत्माले एउटा शुद्ध गर्ने आगोलेझैँ भरिएँ। म खुशीले भरिएर आँशु निकाल्दै हिड्दै

थिएँ। मैले केवल उहाँको प्रशंसा गर्नु बाहेक अरू केही गर्नसकिन। यो कुनै संवेग मात्रै नभएर तर पवित्र आत्माको काम थियो ज मसँग सदासर्वदा रहन आउनुभएको थियो।

(इ.स्टेन्ली जोन्स, *A Song of Ascents* [अ संग अफ एसेन्ट्स], नसभिल एविङ्गडोन प्रेस, १९६८)

यो गवाहीमा तपाईंको प्रतिक्रिया कस्तो छ? ______________________________

______________________________________________________________

१२. यो पाठमा तपाईंले शुद्धिकरण वा आत्माले भरिएका भन्ने कुरा दोहोरिएका विषय याद गर्नुभएको होला।

क. चासो। प्रेरित १:१२-१४ र लूका ११:९-१०, १३ (प्रश्न ६)

ख. शुद्ध पारिनु। १ यूहन्ना १:७ (प्रश्न ३)

ग. शुद्धिकारण। रोमी ६:१३ र रोमी १२:१-२ (प्रश्न ७-८)

घ. दावी गर्नु। प्रेरित २६:१८ र गलाती ३:१४ (प्रश्न ११)

तपाईंको जीवनमा पवित्र आत्मा भरिनुभएको होस् भनी गरिएको प्रार्थना लेख्नुहोस् वा पवित्र आत्मा भरिएकोमा धन्यवाद भनेर गरेको प्रार्थना लेख्नुहोस्। ______________

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

परमेश्वरले तपाईंको लागि के गर्नुभएको छ? ______________________________

______________________________________________________________

______________________________________________________________

परमेश्वरले गर्नुभएको कामको लागि प्रशंसा गर्नुहोस्!

तपाईं एकपटक पवित्र आत्माले भरिएपछि (वा पूर्णरूपले शुद्ध भएपछि), के यो सम्बन्धलाई निरन्तरता दिनु महत्वपूर्ण हुन्छ? त्यसकारण ख्रीष्टियान जीवन आत्मामा जिउने र बाँच्ने जीवन हो। त्यो रमाइलो र उत्साहपूर्ण सम्बन्धको बारेमा आउँदो पाठमा छलफल गर्नेछौँ।

## कण्ठ गर्नुपर्ने पद

शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्। तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ। (१ थेसलोनिकी ५:२३-२४)

# ६ पवित्र आत्मामा हिँड्नु

एकपटक जब पवित्र आत्मा आउनुहुन्छ र भर्नुहुन्छ, त्यो व्यक्तिको जीवनको स्तर नयाँ देखिन थाल्छ। त्यो अन्तिम चाहिँ होइन, तर यो उत्साहको शुरूवात हो, पलपल गर्दै पवित्रआत्मामा भर पर्नु हो। गलाती ५:२५ ले भने झैँ "आत्माकै अनुसार हिँडौ" र रोमी ८:४ ले भने झै "जो पापमय स्वभावअनुसार होइन तर पवित्र आत्माअनुसार चल्दछौं"।

१. कलस्सी १:२१-२३ पढ्नुहोस्।

क. येशुको मृत्युले कलस्सीको मण्डलीलाई के दियो? ______________________

______________________________________________

ख. परमेश्वरले उनीहरूलाई कसरी प्रस्तुत गर्नुभयो? ______________________

______________________________________________

ग. तिनीहरूले के गर्नैपर्छ? (१:२३) ______________________________

______________________________________________

२. रोमी १२:२ ले हामीलाई निरन्तर रूपमा गर्नुपर्ने के हो भन्छ? ______________

______________________________________________

______________________________________________

तपाईंको मनलाई नयाँ बनाउने रुपान्तरणका केही तरिकाहरू केके हुन्? __________

______________________________________________

______________________________________________

______________________________________________

३. १ थेसलोनिकी ५:२३ मा पावलले प्रार्थना गरेका छन् कि पवित्र आत्माले शुद्ध गर्नुहुन्छ। यसको दीर्घकालीन परिणाम के हुन्छ? ______________________________

______________________________________________

______________________________________________

कसले यसलाई बचाइराख्नुपर्छ? (१ थेसलोनिकी ५:२४) ______________________

______________________________________________

परमेश्वरले आफ्ना जनहरूलाई रक्षा गर्ने केही तरिकाहरू के हुन्? ______________

______________________________________________

______________________________________________

४. गलातीमा प्रयोग भएका कुन वाक्यले आत्मासँगको निरन्तर सम्बन्धका बारेमा बताउँछ?

क. गलाती ५:१६-१८ ____________________

____________________

ख. गलाती ५:२५ ____________________

तपाईंका लागि कुन वाक्य सबैभन्दा अर्थपूर्ण छ र किन? ____________________

____________________

____________________

५. रोमी ८:१-४, ८-९ पढ्नुहोस्।

क. पावललाई आत्माले के गर्नुभयो (२ पद, "स्वतन्त्र पार्नुभयो" भन्ने कुराले कुनै समयमा काम भएको बताउँछ) ____________________

____________________

ख. हामीमा व्यवस्थाका नियमहरू पुरा हुन हामीले के गर्नुपर्छ? (रोमी ८:४) ____________________

____________________

____________________

____________________

ग. तपाईंलाई पापमय स्वभाव (वा "शरीर") लाई नियन्त्रण हुन के ले रोक्छ? (रोमी ८:८ र ९) ____________________

____________________

____________________

घ. पवित्र आत्माको नियन्त्रणमा जिउनका लागि तपाईंले गर्नुभएका विशेष अभ्यासहरू के के हुन्?

(१) ____________________

(२) ____________________

(३) ____________________

६. पवित्र आत्माले तपाईंलाई आत्मामा भरिनको अलावा के गर्नसक्नुहुन्छ?

क. प्रेरित १:८ ____________________

ख. प्रेरित ९:३१ ____________________

ग. प्रेरित १३:४ ____________________

घ. प्रेरित २०:२८ ____________________

ङ. रोमी ८:१४ ____________________

च. रोमी ८:२६ ____________________

पवित्र आत्मा तपाईंमा भरिनुभएपछि उहाँले तपाईंमा के एउटा काम गर्नुभएको छ?

___

___

७. १ यूहन्ना २:१-२ अनुसार पाप तपाईंको ख्रीष्टियान जीवनको एक अंश हुनुहुँदैन। यदि तपाईंले पाप गरिहाल्नुभयो भने तपाईंले के गर्नुपर्छ? ___

___

___

१ यूहन्ना १:७ मा निरन्तर शुद्ध हुनका लागि गरिएको प्रतिज्ञा के हो? ___

___

ज्योतिमा हिँड्नु वा जिउनु भन्नाले तपाईं के बुझ्नुहुन्छ? ___

___

८. प्रेरित २:४ र प्रेरित ४:३१ मा मानिसहरू पवित्र आत्माले भरिएका छन् भनिएको छ। तपाईंले पवित्र आत्माको ताजा छुवाईको आवश्यकता कहिले आवश्यक परेको छ वा प्राप्त गर्नुभएको छ? ___

___

___

९. तपाईं पवित्र आत्मामा भरिनुभएपछि र पूर्णरूपमा शुद्ध पारिनुभएपछि तपाईंलाई पवित्रआत्मामा दैनिकरूपमा हिँडदै परमेश्वरसँगको सम्बन्धलाई कायम राख्न आवश्यकता पर्दछ। यदि कुनै कुराले यो सम्बन्धमा बाधा पुर्यायो भने हामी पुनःस्थापना हुनका लागि खोजी गर्नुपर्छ (१ यूहन्ना २:१)। चाइना इनल्यान्ड मिसनका संस्थापक महान् मिसनरी हडसन टेलरको जीवन यसको राम्रो उदाहरण हो। उनी १७ वर्षको उमेरमा ख्रीष्टियान बने पछि उनी शुद्ध भएका थिए। यद्यपि मिसनको क्षेत्रमा वर्षौं काम गरेपछि उनी निकै चिन्तिर र घायल भए। वर्षौं बितेपछि उनले लेखे:

मुक्तिदाताको वचन परिवर्तन गर्न मिल्दैन। यो "जसले यसलाई पिएको छ" होइन तर "जसले यसलाई पिउँछ" हो (यूहन्ना ४:१४)। यसले कुनै एकपटकको तृष्णाको कुरा गरेको छैन, तर उहाँले यो प्राणको निरन्तरको तृष्णा भन्नुभएको छ। यूहन्ना ६:३५ मा भनिएको अर्थ, "त्यो जो निरन्तर मकहाँ आउँछ त्यो कुनै रीतिले भोकाउने छैन, मलाई विश्वास गरिरहनेहरू तृप्त हुनेछ"।...

तर मानिसहरू पछिल्लो समयमा पहिले जस्तै पिउन छोडेका छन र त्यो तिर्खा आज पनि लागिरहेछ। हामीले चाहेको नै पिईरहनु हो–हजुर प्रत्येक पल धन्यवादी हुनुपर्छ जसले हामीलाई कहिल्यै नसिद्धिने मुहानको जीवनको पानी दिनुभयो।

(होवर्ड टेलर, *Hudson Taylor's Spiritual Secret* [हडसन टेलरर्स स्प्रीचुवल सिक्रेट], सिकागो, मुडी बाइबल इन्टिच्युट, मिति नभएको)

यो गवाहीबाट तपाईंले के सिक्नुभयो? ____________________

____________________

____________________

____________________

१०. पवित्रआत्मामा हिँड्नका लागि तपाईंले गर्नुपर्ने तीन महत्वपूण कार्यहरू के के हुन्?

क. ____________________

ख. ____________________

ग. ____________________

ख्रीष्टियान जो पवित्र आत्माले भरिएका छन्, र आत्माअनुसार हिँडेका छन् तिनीहले थाहा पाउनुपर्छ कि आत्माले कस्तो अवस्थामा कम गर्नुहुन्छ भनेर। त्यहाँ स्वर्गका लागि साँचिएका केही कुराहरू छन। तिनीहरू केहीलाई आगामी पाठमा राखिएका छन्।

## कण्ठ गर्ने पद

यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं। (रोमी ८:४)

# ७ स्वर्गको यस छेउका सीमित परिधिहरू

आत्मामा भरिएका र आत्मासँगै हिड्ने ख्रीष्टियानहरूले रोचक अद्भूत आत्मिकी विजय प्राप्त गर्नेछ। यद्यपि ख्रीष्टियनहरूको लागि यस जीवनमा परमेश्वरले गर्ने कामहरूको केही सिमाहरू छन्। परमेश्वरले प्रतीज्ञा गरेको भन्दा माथि चाँहि आत्मामा भरिएको र शुद्ध गरिएको जीवन हुँदैन। त्यहाँ केही कुराहरू छन् जुन स्वर्गका लागि साँचिएका छन्।

१. रोमी ८:२, १८-२७ पढ्नुहोस्।

क. रोमी ८:२ अनुसार पवित्र आत्माले पावललाई के गर्नुभयो? ________________

________________________________________

ख. ख्रीष्टियानहरूका लागि अहिलेको संसारको अवस्था कस्तो छ?

(१) १८ पद ________________________________

(२) २० पद ________________________________

(३) २२ पद ________________________________

ग. पवित्र आत्माले हमीलाई पापको व्यवस्था र मृत्युबाट मुक्त पार्नुहुन्छ, तैपनि हामी अझै दुःखमय संसारमा बाँचिरहेका छौँ। परीक्षाहरूको बिचमा पवित्रआत्माले हामीलाई के गर्नुहुन्छ? (८:२६) ________________________

________________________________________

२. पावलको जीवनमा भएको कमजोरीलाई परमेश्वरले कसरी प्रयोग गर्नुभयो? (२ कोरिन्थी १२:९) ________________________________

________________________________________

________________________________________

३. परमेश्वरमा पूर्ण आज्ञाकारी र पापरहित (१ पत्रुस २:२१-२२) हुँदाहुदै पनि येशुले मानवीय जीवनको अस्तित्वको रूपमा गाह्रो, अप्ठ्यारो र पीडालाई अनुभव गर्नुपर्यो। ती के के थिए?

क. मत्ती १३:५७ ________________________________

ख. मत्ती २६:३८-४० ____________________________

ग. लूका ४:१-२ ________________________________

घ. लूका १९:४५ ________________________________

ङ. लूका ११:३५ ________________________________

च. ख्रीष्टजस्तै बन्नको लागि तपाईंले गर्नुभएको गाह्रो कामको अनुभव के छ? _______

_______________________________________________

_______________________________________________

४. हिब्रू ४:१५ पढ्नुहोस्।

क. कुन हदसम्म येशु परीक्षित हुनुभयो? _______________________

_______________________________________________

ख. उहाँको प्रतिक्रिया कस्तो थियो? _______________________

_______________________________________________

ग. परीक्षा र पापको विषयमा के फरक छ? _______________________

_______________________________________________

५. परीक्षामा परेको बेला परमेश्वरको प्रतिज्ञा तपाईंका लागि के छ? (१ कोरिन्थी १०:१३)

_______________________________________________

_______________________________________________

_______________________________________________

६. ख्रीष्टियानहरूले सही र गलत कसरी छुट्टयाउन सक्छन्?

क. १ यूहन्ना २:६ _______________________________

_______________________________________________

ख. एफिसी ५:१० _______________________________

७. हाम्रो मानवीय भावनाहरू जस्तै डर पापमय वा मानवीय हुनसक्छन्। पत्रुसका डरहरूको अनुभव दुई ठाउँहरूमा पढ्नुहोस् र कुन चाहिँ अनुभव पापमय र कुनचाहिँ मानवीय छ र किन? (मत्ती १४:६६-७१ र प्रेरित ४:२९-३१) _______________

_______________________________________________

_______________________________________________

८. पावलको आत्मिकी अवस्था कस्तो थियो? (प्रेरित १३:९) _______________

_______________________________________________

एफिसीमा उनले कस्तो खालको अप्ठ्यारो र कठिनाइहरू सामना गरे? (६:१२) _____

_______________________________________________

२ कोरिन्थी ११:२८ मा? _______________________________

_______________________________________________

आत्माले भरिएका मानिसहरूले कस्ता खालका बाधाहरूको सामना गरेको देख्नुभएको छ?

_______________________________________________

_______________________________________________

९. येशुले आफ्ना चेलाहरूलाई मत्ती ५:४८ मा कस्ता खालका आदेशहरू दिनुभयो? ____

______________________________________________________________________

मत्ती ५:४३-४७ को आधारमा उनीहरूको जीवनको कुन क्षेत्रमा "सिद्ध" हुनुपर्थ्यो? (यहाँ "सिद्ध" भन्नाले उनीहरूमा हुनुपर्ने सम्पूर्ण गुणहरू हो) ____________________

______________________________________________________________________

मत्तीको पुस्तक २२:३७-४० मा यो प्रेमलाई कसरी जोड दिइएको छ? ___________

______________________________________________________________________

न्यायको डर हटाउने उत्तम तरिका के हो? (१यूहन्ना ४:१७-१८) ________________

______________________________________________________________________

______________________________________________________________________

प्रेम कहाँबाट आउँदछ? (गलाती, ५:२२) _________________________________

______________________________________________________________________

प्रेमले के गर्छ? (रोमी १३:९-१०) ____________________________________

______________________________________________________________________

१०. तपाईं एकपटक आत्माले भरिनुभयो र पवित्र हुनुभयो भने तपाईंप्रति परमेश्वरको आशा के हुन्छ ? ________________________________________________

क. कलस्सी १:२२-२३ _____________________________________________

ख. गलाती ५:२५ _________________________________________________

ग. फिलिप्पी ४:८ _________________________________________________

११. ख्रीष्टियनको जीवनमा दुःख, परीक्षा र सतावटको मूल्य कस्तो हुन्छ? (रोमी ५:३-५)

______________________________________________________________________

१२. स्वर्गमा हामी के को लागि आशा गर्छौं? (१ यूहन्ना ३:२) ___________________

______________________________________________________________________

त्यस समयको तैयारीका लागि अहिले हामी यहाँ के गर्छौं? (१ यूहन्ना ३:३) ________

______________________________________________________________________

______________________________________________________________________

१३. स्वर्गमा कस्ता समस्याहरू समाधान हुनेछन्? (प्रकाश २१:४) __________________

______________________________________________________________________

यो प्रतिज्ञा कसका लागि हो? (प्रकाश २१:७) ______________________________

______________________________________________________________________

१४. पवित्र आत्मामा भरिएका ख्रीष्टियानहरूले पनि अझै समस्या, परीक्षा र युद्धको सामना गरिरहेका हुन्छन्। संसारभरि नै शक्तिशाली प्रभाव पारेका ख्रीष्टियान पुस्तकहरू मध्ये हन्ना ह्विवइट स्मिथले लेखेको *The Christian's Secret of a Happy Life* [द ख्रीष्टियन्स सिक्रेट अफ अ हेप्पी लाइफ], एक हो। उनले युद्ध परमप्रभुको हो भन्ने अर्थ पत्ता लगाइन्:

म १८५६ मा धार्मिक परिवर्तन भएँ जतिबेला म २६ वर्षको थिएँ। समय बित्दै जाने क्रममा परमेश्वरले मलाई अचम्म तरिकाले ज्ञानको सत्यतामा डोर्याउनुभयो। तर मेरो हृदय व्याकुल थियो। ख्रीष्टियन विश्वासमा आँठवर्ष वित्दा मैले स्वीकार्नै पर्छ कि पापमाथि म भर्खरैको नयाँ विश्वासी हुँदाको भन्दा धेरै शक्तिशाली थिइन।

मैले पवित्रताको खोजी गर्न थालैँ। पापको बन्धनमा परेका बेला दुखित हुन थालैँ। मलाई लाग्थ्यो कि कुनै प्रार्थना, प्रयासले कुनै फाइदा हुने वाला छैन। म अरू तरिकाबारे पनि अवुझ थिएँ। म निराशा र हार मान्न तयार थिएँ।

यो आवश्यकताले भरिएको कठिनाइमा सन् (१८६३) मा परमेश्वरले मेरो निम्ति केही साथीहरू पठाउनुभयो जसका अनुभवहरू मेरो भन्दा निकै फरक थिए। उनीहरूले प्रष्ट पारे कि उनिहरूले "पवित्रताको मार्ग" पत्ता लगाएका छन् जहाँबाट उद्धार पाएको प्राण जिउनेछ र रहिरहने शान्तीमा हिँडनेछ, र प्रभु येशु ख्रीष्टद्वारा "विजेताहरू भन्दा पनि बढि" बनाइनेछन्।

मैले उनीहरूलाई तपाईंहरूको रहस्य के हे भनी सोधे र उनीहरूले जवाफ दिए, "यो त केवल हाम्रा सबै प्रयासलाई छोडेर परमेश्वरमा भर पर्नाले हामी पवित्र हुन सक्छौं"।

उनीहरूले मलाई दिएको यो जवाफ अचम्म लाग्दो थियो ...जुन कहिल्यै विर्सने छैन।

उज्यालो ज्योति जस्तै गरी जीवनका धेरै उच्च सम्भावनाहरू म भित्र चम्किन थाले, तर त्यो विचार पक्रनका लागि मेरो लागि एकदमै नयाँ र अचम्मको थियो। यसका लागि मैले कहिल्यै प्रभुमा विश्वास गर्ने सपना देखेको थिएन, र मलाई थाहा थिएन कि यो कसरी भयो भन्ने...। मैले यसलाई धर्मशास्त्रमा खोज्ने प्रयास गरैँ। मैले भेटाएँ कि जुन मुक्तिका लागि उहाँ मर्नुभयो तो सिद्ध मुक्ति थियो...। मैले थाहा पाए कि उहाँले आफ्नो जीवनलाई मेरो निम्ति अपर्ण गर्नुभयो। अनि उहाँ मेरो हृदयमा आउन र त्यसको पुर्ण स्वामित्व लिन र सबै चिजलाई आफ्नो नियन्त्रणमा राख्न चाहनुहुन्छ। उहाँले आफैलाई मकहाँ एक सिद्ध र पवित्र र नजिको मुक्तिदाताको रूपमा प्रकट हुनुभयो। मैले आफ्नो स्वार्थलाई त्यागैँ, उहाँको प्रेमको सागरमा म डुव्न थालैँ, उहाँले मेरो निम्ती गर्नुभएको सबै कार्यहरूलाई नियालैँ। मैले न्यायपूर्वक उहाँको सत्यता र पवित्रतालाई स्वीकार गरैँ। अनि अन्तमा, मेरो आत्माले विश्राम पायो। यसलाई वर्णन गर्ने शब्द नै छैन। यी कानुनी प्रयासहरूबाट विश्राम, सबै प्रकारका चर्को युद्धहरूबाट विश्राम, तीतो असफलताहरूबाट विश्राममा प्रवेश गरेको छु। जब पवित्रताको रहस्य मलाई प्रकट गरियो, त्यी सबै रहस्य चाँहि ख्रीष्ट हुनुहुन्थ्यो। मेरो आत्माले भित्री रूपमा विश्राम पायो, "विश्रामको दिन" जस्तै जसरी पावले यो विषयमा हिब्रू ४:९ मा भनेका छन्, "यसकारण परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम बाँकी नै छ।" त्यहाँ समस्याहरू वा युद्ध हुनेछैन भन्ने होइन, तर ति अब मेरो होइन तर ख्रीष्टको हुनेछन्।

तुलनात्मक रूपमा विश्वास गरेको अवधिलाई हेर्दा मेरो शुरुवाती ख्रीष्टियान जीवन खेर गएको जस्तो देखिन्छ। यो साँचो हो कि, म परमेश्वरको सन्तान थिएँ तर मेरो

ख्रीष्टमा हुर्कने क्रम रोकिएको थियो र मेरो शरीर कमजोर थियो। जब विश्वासको यो रहस्य ममा प्रकट भयो, म बढ्न सुरु गरेँ र जुन सर्मपण मेरो लागि असम्भव थियो त्यो अहिले मेरो हृदयको खुशी बन्यो।

विश्वास गर्नु, विश्राम गर्नु, आज्ञा पालन गर्नु मेरो तर्फको काम हो, यसबाहेक अरू सबै उहाँले गर्नुहुन्छ। प्रेमको कत्रो उचाइ, र कत्रो गहिराइ, वास्ताफिक्रिको कति अचम्मको कोमलता, अनुशासनको कति बौद्धिक प्रेम, नजिकै रहनुको कति महानता, आश्चर्य व्यक्त गर्ने कस्तो तरिका, कमजोरीमा कस्तो शक्ति, दुखमा कस्तो सहजता, अन्धकारमा कति उज्यालो, वाधामा कति सहजता, मैले पत्ता लगाए; कति महान परमेश्वर, र कति महान मुक्तिदाता, कुनै शब्दमा भन्न सकिँदैन।

(जे. सिड्लो व्याक्सटर, *His Deeper Work in Us* [हिज डीपर वर्क इन अस],
ग्राण्ड्स रेपिड्सः जोन्डरभन प्रकाशन हाउस, १९६७) ८१-८२।

१५. आफ्नो आत्मिकी जीवनको विश्लेषण गर्नुहोस्।

क. परमेश्वरले तपाईंको जीवनमा भएका मध्ये कुन चाहिँ समस्या हटाइदिऊन् भनि अपेक्षा गर्नु न्योचित हुँदैन? ______________________________

______________________________________________

ख. तपाईंको जीवनमा कुन क्षेत्रमा अनुशासनको खाँचो छ? ________________

______________________________________________

ग. परमेश्वरले तपाईंलाई कुन क्षेत्रमा विजय दिनुहुन्छ भनी आशा राख्नुभएको छ?

______________________________________________

______________________________________________

घ. त्यो विजय प्राप्त गर्न तपाईंले गर्नुपर्ने अर्को कदम के हो? ________________

______________________________________________

आत्मामा भरिएका ख्रीष्टियानहरूले साँचो जिवन जिइरहेका हुन्छन। परमेश्वरले सबै समस्याको समाधान नगरेतपापनि त्यहाँ केही शक्तिशाली तरिकाहरू छन जसद्वारा परमेश्वरले तपाईंको जीवनमा काम गर्न चाहनुहुन्छ। यि केहि विषयहरू अर्को पाठहरूमा राखिएका छन्।

## कण्ठ गर्नुपर्ने पद

तर मलाई उहाँले भन्नुभयो, "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ।" यसकारण ख्रीष्टको शक्ति ममा वास गरोस्भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुशीसाथ गर्व गर्नेछु। (२ कोरिन्थी १२:९)

# ८ पवित्रआत्माले तपाईंबाट के गर्न चाहनुहुन्छ?

पवित्र आत्माले गर्नसक्ने धेरै फाइदाहरू छन् यदि तपाईंले पवित्र आत्मासँग माग्नुभयो भने। तपाईं अझै पनि समस्याग्रस्त संसारमा बाँच्न बाध्य हुनुहुन्छ तर पवित्र आत्माले शक्तिशाली तरिकाले शान्ति र शुद्धता तपाईंको हृदयमा ल्याउनुहुनेछ र यस मार्फत् आशिष आउनेछ।

१. प्रेरितको पुस्तक उल्लेख गरिएका केही सन्तहरूलाई याद गर्नुहोस् र संकेत गर्नुहोस् कि आत्माले तिनीहरूलाई के गर्नुभयो र तिनीहरूबाट के गर्नुभयो?

क. पत्रुसमा (प्रेरित ४:८) ______

पत्रुसद्वारा (प्रेरित ४:९-१२) ______

ख. स्तिफनसमा (प्रेरित ७:५५) ______

स्तिफनसद्वारा (प्रेरित ७:५९-६०) ______

ग. बारनाबास (प्रेरित ११:२४) ______

बारनाबासद्वारा (प्रेरित ११:२४) ______

घ. पावलमा (प्रेरित १३:९) ______

पावलद्वारा (प्रेरित १३:१०-१२) ______

२. अब हामी फिलिपतिर ध्यान दिऔँ, जसलाई स्थानीय मण्डली समितिले निर्वाचनबाट छानिएको व्यक्ति भनी वर्णन गरिएको छ।

क. अझ स्पष्ट रूपमा भन्नुपर्दा, मण्डलीमा फिलिपको स्थान के रहेको थियो? (प्रेरित ६:१-५) ______

______

ख. कसलाई उनले साक्षी दिए र किन त्यो साक्षी दिने काम महत्वपूर्ण थियो? (प्रेरित ८:२६-२७) ______

______

ग. पवित्र आत्माको विषयमा फिलिपको ध्यान कुन स्तरको थियो? (प्रेरित ८:२९-३०)

______

______

घ. फिलिपको शक्ति र प्रभावकारिताको रहस्य के थियो? (प्रेरित ६:३ र ५)

______

३. जब येशुले "आफ्ना मानिसहरूलाई शुद्ध पार्नका लागि" आफूलाई अर्पण गर्नुभयो, यसको लक्ष्य के थियो, जसले उनीहरूको वरिपरिको संसारलाई प्रभाव पार्न सक्छ? (तीतस २:१४) ______

________________________________________________

________________________________________________

४. प्रेरित ४:३१-३५ सम्म पढ्दा आत्मामा भरिएका चेलाहरूको धैर्यताले खाँचोमा परेका मानिसहरूलाई कस्तो प्रभाव पार्‍यो? ________________________________________________

________________________________________________

________________________________________________

५. आत्मामा भरिएका ख्रीष्टियनहरूको खाँचोप्रतिको प्रतिक्रिया कस्तो देख्नुभएको छ, यस्तो समयको वर्णन गर्नुहोस्। ________________________________________________

________________________________________________

________________________________________________

६. प्रेरित ७:५५-६० मा स्तिफनस, प्रेरित १६:२५ मा पावल र सिलासको जिवनमा अप्ठ्यारो अवस्थामा पनि कठिन परिस्थितिमा पनि प्रेम र आनन्दको अनुभव गरेको घटना हामी पाउँदछौँ। प्रेम र आनन्दका दुई स्रोतहरू के के हुन् वा को को हुन्? (गलाती ५:२२)

________________________________________________

________________________________________________

७. तपाईंले कसरी परमेश्वरको सेवा गरेको उहाँ चाहनुहुन्छ? (लूका १:७४-७५) ________

________________________________________________

८. साधारण मानिसले पनि परमेश्वरको लागि विशेष काम गर्न सक्छ भन्ने विचार गर्नुहोस्।

क. परमेश्वरको लागि सेवकाई गर्ने विशेष क्षमता मानिसहरूले कहाँबाट प्राप्त गर्नसकछ? (१ कोरिन्थी १२:४-६) ________________________________________________

________________________________________________

ख. प्रत्येक वरदानलाई प्रयोग गर्न कसलाई नियन्त्रण गर्ने अधिकार दिनुपर्छ? (१ कोरिन्थी १२:७) ________________________________________________

________________________________________________

ग. तल दिइएको खण्डमा वरदान, क्षमता र अनुग्रहहरूबारे सूची दिइएको छ, त्यसलाई पढ्नुहोस् र एकएक आशिषलाई रेकर्ड गर्नुहोस्।

(१) १ कोरिन्थी १२:८-११ ________________________________________________

(२) रोमी १२:६-८ ________________________________________________

(३) एफिसी ४:११-१२ ________________________________________________

(४) १ पत्रुस ४:९-११ ________________________________________________

घ. तपाईंको विचारमा परमेश्वरले तपाईंलाई कस्ता वरदानहरू दिनुभएको छ, र तपाईंले यसलाई कसरी प्रयोग गर्नुहुनेछ, वा भविष्यको आवश्यकता पूरा गर्न?

________________________________________

________________________________________

९. परमेश्वरले तपाईंलाई आफ्नो शक्ति कहाँ दिनुहुन्छ? (एफिसी ३:१६) ____________

________________________________________

१०. पावलले आफूले गर्ने सेवकाइ कसरी गर्नुपर्छ भनी थाहा पाए? (प्रेरित १३:१२ र १६:७)

________________________________________

________________________________________

११. हेर्दा असम्भव हुने कस्ता खालका कामहरू येशुले आफ्नो पछि लाग्नेहरूलाई दिनुभयो? (मत्ती २८:१९-२० र लूका २४:४६-४८) ____________________

________________________________________

क. यो काम पूरा गर्नलाई तिनीहरूलाई के चाहिएको थियो? (लूका २४:४९)

________________________________________

________________________________________

ख. आवश्यकता कसरी पूरा हुन सक्थ्यो? (प्रेरित १:८) ________________

________________________________________

ग. १:८ मा परमेश्वरको प्रतिज्ञा के पुरा गर्नुथियो? (प्रेरित २:४-१२) ____________

________________________________________

________________________________________

घ. पत्रुस र चेलाहरू पवित्र आत्माले भरिए। प्रेरित २:४१ मा यसको प्रचार गर्नु र साक्षी दिनुको परिणाम कस्तो आयो? ____________________

________________________________________

ङ. आत्माले तपाईंलाई साक्षी दिन सहायता गर्नुभएको समय बताउनुहोस्।

________________________________________

________________________________________

१२. तपाईंको जीवनमा परमेश्वरको कामलाई वाधा पुर्याउने त्यस्तो केही छ? __________

________________________________________

________________________________________

१३. स्यामुएल लोगन ब्रेन्गल शेलभेसन आर्मीको अधिकृत थिए। उनले लेखेका दशलाख भन्दा बढी पुस्तकले संसारलाई आशिषित बनाएका छन्। यहाँ उनको गवाहीको केही भाग उल्लेख गरिएको छ:

लगभग विहानको ९ बजेतिर १८८५ मा जनवरी महिनाको ९ तारिखको दिन थियो। परमेश्वरले मेरो आत्मालाई शुद्ध पार्नुभयो। त्यो समय म आफ्नो कोठा भित्र थिएँ। म बाहिर गएँ र एकजना मानिसलाई भेटैं र भने कि परमेश्वरले मलाई के गर्नुभयो। अर्को विहान मैले अर्को साथीलाई बाटोमा भेटैं र आशिषमय कथा सुनाएँ। ऊ चिच्यायो र परमेश्वरको प्रशंसा गर्यो र उसलाई पूर्ण सुसमाचार सुनाउन अनुरोध गर्यो र उसले स्वीकार गर्यो। परमेश्वरले मलाई उत्साह दिन र सहायता गर्नको लागि उसलाई प्रयोग गर्नुभयो। त्यसकारण भोलिपल्ट मेले यसै विषयमा स्पष्ट र मजबुत तरिकाले सबैले बुझ्ने गरी बचन प्रचार गरैं। र अन्त्यमा आफ्नो गवाही दिएर टुंगाए।

परमेश्वरले बचनद्वारा अरूलाई आशिषित तुल्याउनु भयो तर म सोच्छु कि सबैभन्दा बढी आशिष म आफैलाई दिनुभयो। यो महसुसलाई मैले सम्झिरहैं। यसले मेरो पछाडिका पुलहरूलाई भत्कायो। तीनवटा संसारहरूले अहिले मलाई परमेश्वरले एउटा सफा हृदय दिनुभएको व्यक्तिको रूपमा हेरिहेका थिए। अब म पछाडि हट्न सक्दिन। म अगाडि बढ्नुपर्थ्यो। म मृत्युसम्मै सत्य हुनुपर्छ। त्यसको दुई दिन पछिको विहान जब म विस्ताराबाट निस्कँदै थिएँ, म परमेश्वरका वचनहरू पढिरहेको थिएँ। उहाँले मलाई यस्तो आशिष दिनुभयो कि मैले कहिल्यै पनि मानिसले स्वर्गको यस अनुभव गर्न सकिन्छ भनी सौँचेको थिइन। त्यो स्वर्गको प्रेमम मेरो हृदयमा आयो। विहानको खाजा खानुअघि म वोस्टन कमन भन्ने ठाउँबाट परमेश्वरको महिमा गर्दै भावविभोर हुँदै बाहिर निस्किएँ। आहो कति धेरै माया! त्यो बेला मैले येशुलाई चिनैं र मैले मेरो हृदय प्रेमले नभरिऊन्जेल मैले उहाँलाई प्रेम गरिरहैं। भँगेराहरूलाई, कुकुरहरूलाई, घोँडाहरूलाई र बाटोमा भएको सानो काँडे बोट आर्चिनहरूलाई मैले प्रेम गरैं, मैले नचिनेका मानिसहरूलाई जो मेरो नजिक भएर जान्छन् ती सबैलाई प्रेम गरे, मैले अन्यजातीहरूलाई र सारा संसारलाई प्रेम गरैं।

पवित्रता भनेको के हो तपाईं जान्न चाहनुहुन्छ? यो शुद्ध प्रेम हो। के तपाईं जान्न चाहनुहुन्छ पवित्र आत्मामा बस्तिस्मा भनेको के हो? यो केवल मनका भावना मात्र होइन। यो एकै रातमा आउने र गइहाल्ने खुशीको अनुभूति मात्रै पनि होइन। यो प्रेमको वस्तिस्मा हो जसले हरेक विचारलाई येशुको शक्तिको नियन्त्रण भित्र ल्याउँदछ (२ कोरिन्थी १०:५); जसले सबै डरलाई बाहिर निकाल्दछ (१यूहन्ना ४:१८); जसले शंका र अविश्वासको आत्मालाई आगोले झैँ जलाउँछ अनि मानिसलाई “नम्र र विनम्र हृदयको” बनाउँछ (मत्ती ११:२९); जसले घृणा र अशुद्धतालाई अनि चाप्लुसी र झुट बोल्ने जिब्रोलाई घृणा गर्छ। जसले स्वर्ग र नरकको अनन्त वास्तविकतालाई बताउँछ। जसले व्यक्तिलाई “शुद्ध,... शान्तिप्रिय,... कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित” बनाउँछ (याकूब ३:१७); जसले प्रत्येकलाई उसको दुख र संकष्टमा येशुमा शान्ति र विजय दिँदछ र हराएको र विरोधी संसारलाई परमेश्वरमा लाउँदछ।

परमेश्वरले यो सबै मेरो निम्ति गर्नभयो, उहाँको पवित्र नाउँको महिमा होस्!

(स्यामुएल ब्रेन्गल, हेल्प्स टु *Helps to Holiness* [होलिनेश],

लन्डन: साल्भेसनीस्ट प्रकाशन र वितरण प्रालि, १९५५)

१४. सानो सपना देख्नुहोस्! तपाईं मार्फत् पवित्र आत्माले के गर्न चाहनुहुन्छ? __________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

तपाईं आत्माले भरिन र पूर्णरूपमा पवित्र हुन सक्नुहुन्छ। के तपाईं हुनुभएको छ? तपाईं जीवनका हरेक पल पवित्र आत्मामा हिँड्न र अनुभव गर्न सक्नुहुन्छ। के सक्नुभएको छ? आत्माले तपाईंबाट अद्‌भूत काम गर्न चाहनुहुन्छ। के गर्नुभएको छ त? हे प्रभु मेरो भविष्यको यात्रा पूर्ण रूपमा तपाईंको नियनत्रणमा राख्न चाहन्छु।

## कण्ठ गर्ने पद

यसैले तिनले मलाई भने, "यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छ: 'न त बलले न शक्तिले, तर मेरो आत्माले,' सर्वशक्तिमान्‌परमेश्वर भन्नुहुन्छ" (जकरिया ४:६).